शुभारम्भ...शिवम्‌सँग

SHIVAM CEMENT
ASALI OPC CEMENT
SINCE 2003

COM. REG.No. : 137210/072/73
VAT/PAN No. : 302436213

NS QUALITY AWARD-2019
प्रथमद्वारा पुरस्कृत संस्था

च.नं. ३०४।०८१।०८२

मितिः २०८१।१०।१७ गते ।

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,

सिंहदरवार प्लाजा, काठमाडौं ।

**विषयः आ.व. २०८०/०८१ को वार्षिक साधारण सभाको काम कारवाहिको विवरण ( माइन्युट) पठाइएको सम्बन्धमा ।**

महोदय,

उपरोक्त विषयमा यस शिवम् सिमेन्ट्स लिमिटेडको मिति २०८१।०९।२९ मा सम्पन्न भएको आ.व. २०८०।०८१ (नवौं वार्षिक साधारण सभा) को काम कारवाहीको विवरण ( माइन्यूट) को प्रति यसै साथ संम्लग्न राखी पेश गरेको व्यहोरा अनुरोध छ। साथै उक्त काम कारवाहीको विवरण (माइन्यूट) कम्पनी ऐन २०६३ को दफा ७५ को उपदफा (३) बमोजिम शेयरधनीहरुको जानकारीका लागी २०८१।१०।१८ गतेको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिने व्यहोरा निवेदन गर्दछौं ।

**सम्लग्नः**

१. आ.व. २०८०।०८१ को वार्षिक साधारण सभाको निर्णयको प्रति ।

सहयोगका लागि धन्यवाद ।

भवदीय,

SHIVAM CEMENTS LIMITED * NEPAL *

(लेखनाथ अर्याल)

कम्पनी सचिव

# शिवम् सिमेन्ट्स लिमिटेडको

## आ. व. २०८०।०८१ को वार्षिक साधारण सभाको काम कारवाहीको विवरण

## (माइन्युट) :

### १. सभाको प्रारम्भः

कम्पनी संचालक समितिको मितिः २०८१।०८।२७ गते बसेको १३३ औं बैठकको निर्णय बमोजिम आज बोलाइएको आ. व. २०८०।०८१ को, (नवौं) बार्षिक साधारण सभा कम्पनी ऐन २०६३ र कम्पनीको नियमावली बमोजिम यस शिवम सिमेन्ट्स लिमिटेडका सञ्चालक समितिका अध्यक्ष श्री गौरव गोयलको अध्यक्षतामा तल उल्लिखित मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय भयो :

### २.. सभाको मिति, स्थान र समय :

मितिः २०८१ साल पौष २९ गते, सोमबार (१३ जनवरी २०२५)

स्थान : राष्ट्रिय सभा गृह, प्रर्दशनी मार्ग, काठमाडौं ।

समयः विहान ९ : ०० बजे ।

### ३. सभाको सूचनाः

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम कम्पनीको नवौं वार्षिक साधारण सभाको सूचना तथा आ. व. २०८०।०८१ को वार्षिक प्रतिवेदन एवं वित्तीय विवरणहरु समेत शेयरधनीहरुको व्यक्तिगत ठेगानामा पठाउनुको साथै मितिः २०८१।०९।०४ र मिति २०८१।०९।०५ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा सभा हुने स्थान, समय र छलफल हुने विषयहरुको सूचि सहितको सूचना शेयरधनी महानुभावहरुमा जानकारी तथा उपस्थितीका लागि प्रकाशित गरिएको थियो ।

### ४. छलफलको विषय तथा प्रस्तावहरु :

(क) सामान्य प्रस्तावहरुः

(१). कम्पनी सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ. व.२०८०।०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२). लेखापरीक्षकको बार्षिक प्रतिवेदन सहित २०८१ आषाढ मशान्तसम्मको कम्पनीको वासलात तथा सोही मितिमा समाप्त भएको आ. व. २०८०।०८१ को नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण सहितका ले. प. सम्बन्धि अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

(३). कम्पनीको आ. व. २०८१।०८२ को आय व्ययको लेखापरीक्षण कार्यका लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

(४). कम्पनीमा कायम शेयरधनीहरुलाई आ.व. २०८०।०८१ सम्मको मुनाफा रकम (Retained Earnings) बाट चुक्ता पूँजी रु. ५,०२,७०,००,०००।- (पाँच अरब दुई करोड सत्तरी लाख रुपैयाँ) को ० . ४५ (शून्य दशमलव चार पाँच) प्रतिशतका दरले हुन आउने रु. २,२६,२१,५००।– (दुई करोड छब्बिस लाख एक्काईस हजार पाँच सय मात्र) (कर प्रयोजनका लागि) नगद लाभाँस वितरण गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

(५). कम्पनी ऐन २०६३ को दफा ९३ बमोजिम यस कम्पनीका आधारभूत शेयरधनी वा सञ्चालक सम्बद्ध रहेको संस्थासंग तथा यसै संस्थासंग सम्बद्ध कम्पनीसंग गरेको कारोवार विवरणलाई अनुमोदन गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने बारे ।

(६). कम्पनी सञ्चालक समितिका निर्णयले रिक्त रहेका स्वतन्त्र संचालक १ सहित २ जना संचालकहरुलाई बाँकी कार्यकालका लागि नियुक्ति तथा मनोनयन गरिएकोलाई सभाबाट अनुमोदन गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्नै बारे ।

(७). विविध ।

(ख). <u>विशेष प्रस्तावहरु:</u>

(१). सञ्चालक समितिले प्रस्ताव गरे अनुसार कम्पनीमा कायम शेयरधनीहरुलाई आ.व. २०८०।०८१ सम्मको मुनाफा रकम (Retained Earnings) बाट चुक्ता पूँजी रु. ५,०२,७०,००,०००। (पाँच अर्व दुई करोड सत्तरी लाख रुपैयाँ) को ८ · ५५ % (आठ दशमलव पाँच पाँच) प्रतिशतका दरले हुन आउने रु. ४२,९८,०८,५००।- (बयालिस करोड अन्ठानब्बे लाख आठ हजार पाँच सय रुपैयाँ) बराबरको रु. १०० दरका बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने । र उक्त बोनस शेयर वितरण गर्दा हुन आउने खण्डित शेयरलाई पछि समायोजन गर्ने गरी हाल यथावत राख्ने बारे ।

(२). प्रबन्ध पत्र संशोधन सम्बन्धि विशेष प्रस्ताव :

प्रस्तावित वोनस शेयर जारी गर्ने भए पश्चात कम्पनीको जारी तथा चुक्ता पूँजी बृद्धि हुने भएकोले सोही बमोजिम प्रबन्ध पत्र को दफा ६ को (ख) र ६ को (ग) संशोधन गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

CEMENTS LIMITED

५. उपस्थिती:

(क). सञ्चालकहरु:

(१) श्री गौरव गोयल — सञ्चालक अध्यक्ष

(२). श्री रघुनन्दन मारु — सञ्चालक तथा प्रबन्ध निर्देशक

(३). श्री गौरव शारडा — सञ्चालक सदस्य

(४). श्री शैलजा राई — सञ्चालक सदस्य

(५). श्री शिरोमणी ढकाल — स्वतन्त्र सञ्चालक

(६). श्री सुशिल गुप्ता — सञ्चालक सदस्य

(ख). कम्पनी व्यवस्थापन तह :

(१). श्री लिउ सुगआङ. ( Liu Shuguang) — कार्यकारी निर्देशक

(२). श्री अधिवक्ता लेखनाथ अर्याल — कम्पनी सचिव

(३). श्री निखिल अग्रवाल — सेल्स एण्ड मार्केटिँग प्रमुख

(४). श्री सि. ए. ज्योति थापा — वित्त तथा लेखा प्रमुख

(घ). शेयरधनीहरुको उपस्थिति:

जम्मा उपस्थित सख्या: ४२३ जना

६. गणपुरक संख्या :

| विवरण | कुल शेयरधनी संख्या | जम्मा उपस्थिति संख्या | कूल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| शेयर धनीहरुको संख्या | ७३,३२७ जना । | ४२३ जना | ५३ · ६० %<br>(त्रिपन्न दशमलव छ शुन्य) प्रतिशत । |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता | ५,०२,७०,००० | २,६९,४४,७६९ | |

## ७. सभाको बैधानिकता र सभाको अध्यक्षता:

(क). कम्पनी ऐन २०६३ तथा कम्पनीको नियमावली बमोजिम सभा बोलाइएकोमा नियमावलीको नियम नं २३ अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कूल शेयर संख्याको ५१ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरु मध्ये कम्तिमा ७ जना शेयरधनीहरुको उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम कम्पनीको नवौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरु स्वयम् र प्रतिनिधी (प्रोक्सी) समेतको संख्या ४२३ जना भएको र कूल शेयरको ५३·६० % (त्रिपन्न दशमलव छ शुन्य) प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपुरक सँख्या पुगेको प्रमाणित गरी प्रचलित कम्पनी कानून अनुसार सभा बैधानिक भएको सभालाई जानकारी गराउनु भएको ।

(ख). कम्पनी सचिवले शेयरधनी महानुभावहरु सबैलाई स्वागत अभिवादन गर्दै आसन ग्रहणका लागि अनुरोध गर्नु भयो र तत्पश्चात् उपस्थित अध्यक्ष, सञ्चालकहरु, शेयरधनीहरु, लेखापरीक्षक, कार्यकारी निर्देशक, विभागीय प्रमुखहरुको जिम्मेवारीमा रहनु भएका अधिकृतहरुको परिचय गराँउदै आसन ग्रहण गर्न उहाँहरुलाई अनुरोध गरी सभाको कार्य अगाडी बढाउनु भयो ।

(ग). कम्पनीको नियमावलीमा व्यवस्था भए बमोजिम सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्षले गर्ने जानकारी गराँउदै कम्पनीको आठौं वार्षिक साधारण सभा शुरु गर्न अध्यक्ष श्री गौरव गोयललाई कम्पनी सचिवले अनुरोध गर्दा अध्यक्षले सभाको अध्यक्षता ग्रहण गर्दै सभा संचालन गर्न कम्पनी सचिवलाई निर्देशन गर्नु भयो ।

## ८. आ. व. २०८०।०८१ को वार्षिक प्रतिवेदनको प्रस्तुती :

सभाका अध्यक्षले औपचारिक रुपमा सभा शुरु भएको घोषणा गर्नु भयो र पूर्व निर्धारित छलफलको विषय सूची अनुसार आ. व. २०८०।०८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन तथा चालु आ. व. २०८१।०८२ को हालसम्मको संक्षिप्त प्रगति विवरण अध्यक्षले साधारण सभामा आफ्नो मन्तव्य सहित पढेर सुनाउनु भयो ।

## ९. छलफलको लागि आव्हान र सहभागि शेयरधनी महानुभवहरु :

(क). तत्पश्चात अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले कम्पनीको आ. व. २०८०।०८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन, २०८१ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ. व. २०८०।०८१ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका सम्पूर्ण विषय माथि आ आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै प्रश्न, राय, सुझाव, शुभकामना, टिप्पणी भए मौखिक तथा लिखित जानकारी गराउन शेयरधनी महानुभावहरु समक्ष अनुरोध गर्नुभयो । देहायका शेयरधनी महानुभावहरुले छलफलको क्रममा सहभागि भई देहाय अनुसारको प्रश्न तथा राय सुझावहरु व्यक्त गर्नु भयो ।

SHIVAM CEMENTS LIMITED

*(ख). छलफलमा सहभागि भई मौखिक रुपमा राय सुझाव पेश गर्ने शेयरधनी महानुभावहरुको विवरण :*

*(१). श्री नरसिंह लाल चँखु, (२). श्री गुणराज भट्ट , (३). श्री चन्द्र नारायण श्रेष्ठ, (४). श्री इन्द्र कृष्ण श्रेष्ठ, (५). श्री विशेष अमात्य, (६). श्री शत्रुघन श्रेष्ठ, (७). श्री सुदिप श्रेष्ठ ।*

*(ग). लिखित रुपमा राय सुझाव दिनु हुने शेयरधनी महानुभावहरुको विवरण :*

*(१).श्री अमिर दास रञ्जीत, (२).श्री डम्मरु बल्ल्भ घिमिरे,(३).श्री निरुपमा गुप्ता, (४).श्री उत्तम पाठक, (५). श्री ई. बैजनाथ रौनियार, (६). श्री गोविन्द बहादुर के. सी., (७). श्री लक्ष्मण बहादुर श्रेष्ठ , (८). श्री कृष्ण प्रसाद अधिकारी, (९). श्री इन्द्र प्रसाद लामिछाने ।*

## *१०. छलफलमा सहभागी शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएका सुझाव, मन्तव्य तथा जिज्ञासाको साराँश:*

*देशमा निर्माण क्षेत्रको विकासको गति न्यून रहेको र आर्थिक मन्दि रहेको अवस्थामा पनि कम्पनीले आ. व. २०८०।०८१ मा मुनाफा रकम आर्जन गर्न सफल भएकोमा धन्यवाद व्यक्त गर्नु भयो । साथै गत बर्षसम्मको संचित मुनाफा Retained Earnings समेत बाट ८ . ५५ प्रतिशत वोनस शेयर र ० . ४५ प्रतिशत (कर प्रयोजनका) लागि नगद लाभाँस सहित कुल जम्मा ९ प्रतिशतको लाभाँस वितरण गर्ने प्रस्ताव अत्यन्त सकारात्मक रहेको छ तर आगामी बर्ष कम्तिमा दोहोरो अंकको लाभाँस दिन सक्ने कम्पनी बन्ने छ भन्दै प्रशासनिक र उत्पादन खर्चमा कमी देखिएको छ तर विक्री खर्च बढेको ले मुनाफामा प्रतिकूल परिस्थिती परेको हुंदा विक्री खर्चलाई समेत घटाउन सुझाव दिनु भयो । विक्री खर्च घट्दा कम्पनीको नाफा बढ्ने थियो भनी आ आफ्नो धारण राख्नु भयो । कम्पनीले सहायक कम्पनी मार्फत होङशी शिवम् सिमेन्टमा गरेको लगानीको प्रतिफल प्राप्त गरिरहेको । ताँहाँबाट धेरै प्रतिफल आउन सके राम्रो हुने थियो । कम्पनीले अन्य सहायक कम्पनीहरुमा गरेको लगानीको प्रतिफल पनि आउने बर्षहरुमा आउनेछन भनी आशा व्यक्त गर्नु भएको । कम्पनीको उत्पादन सिमेन्टको उच्च गुणस्तरमा संधै चनाखो भई ध्यान दिनु पर्ने सुझाव दिंदै गुणस्तर नै शिवम्को पहिचान भएकोले उच्च गुणस्तरीयता संधै कायम राख्न तर्फ मुख्य ध्यान दिनु पर्ने धारण राख्नु भयो । कम्पनीले व्यवस्थापन पक्षमा ध्यान दिएकोमा प्रतिष्ठित संस्थाहरुले कम्पनीलाई अवार्ड प्रदान गरेकोमा बधाई दिनु भयो । यो शिवम सिमेन्ट कम्पनी नेपालकै प्रतिष्ठित कम्पनी भएको हुनाले उद्योगले प्राप्त गरेको भौतिक लगायतका अन्य उपलब्धीहरु समेत आगामी वार्षिक प्रतिवेदनमा समेट्न सके राम्रो हुने । राष्ट्रिय गौरवका आयोजनामा शिवम् सिमेन्ट प्रयोग भएकोमा खुशी व्यक्त गर्नु भयो । गत बर्ष आम्दानी घट्नु र खर्च बढ्नु दुखदायि छ । ईक्विटीमा शेयर प्रिमियम अलग्गै र पिई तथा Others Reserve Fund छुट्टा छुट्टै देखाउन सके राम्रो हुने थियो भनी सुझाव दिनु भयो । बजारमा सिमेन्टको मागमा कमि आई नाफा संकुचन र लागत बढेको अवस्थामा लगानी विविधकरण गरी आम्दानी बढि हुने क्षेत्रमा लगानी बढाउनु पर्ने, बिक्री बढ्दा पनि नाफा घटेको अवस्थामा लागत घटाउने, खर्च घटाउने र Efficiency बढाउनु पर्ने देखिन्छ भनी सुझाव दिनु भयो ।*

कम्पनी ऐन, २०६३ ले तोकेको समय सिमा भित्रै अर्थात पौष महिना भित्रै साधारण सभा आयोजना गरेको भएता पनि आगामी बर्ष अलि अगाडी अन्य कम्पनीसंग नजुध्ने गरी बार्षिक साधारण सभा गर्न सल्लाहा दिनु भयो । Accounting System हरुलाई NFRS अन्तरगत राखि अडिट भएकोमा खुशी व्यक्त गर्नुका साथै कम्पनीसंग सम्बन्धित मुद्दाहरु छिटो निर्णय गराउन सके राम्रो हुने थियो भनी विचार राख्नु भयो । छिमेकी मित्र राष्ट्र भारतका सिमाना जोडिएका क्षेत्रहरुमा शिवम् ब्राण्डको सिमेन्ट निकासी गर्ने बजार प्रशस्त रहेकोले निकासी तर्फ ध्यान दिन सुझाव दिनु भयो । कम्पनीले लगानी गरेका अन्य संस्थाहरुलाई पनि पब्लिक कम्पनी बनाउन आग्रह गर्नु भयो । आम्दानी बढाउन र खर्च घटाउन सुझाव दिनु भयो । अन्य सिमेन्ट प्लाण्टहरु समेत स्थापना गरी कम्पनीलाई अगाडी बढाउनु उपयुक्त हुनेछ भनी सल्लाहा दिनु भयो । कम्पनीले सर्व साधारणमा शेयर जारी गरेपछि हरेक वर्ष शेयरधनीहरुलाई हात खाली नराखी लाभाँस वितरण गरिरहनु भएकोमा धन्यवाद दिदै कम्पनीको उत्तरोउत्तर प्रगतिको शुभकामना दिनु भयो । सहायक कम्पनी मार्फत होङशी शिवम् सिमेन्ट प्रा. लि.मा गरेको ठूलो लगानीबाट यथेष्ट मुनाफा प्राप्त हुनु पर्ने साथै उक्त कम्पनीको वासलात पनि यस कम्पनीको प्रतिवेदनसंगै समावेश हुनु पर्ने राय दिनु भयो । त्यसै गरी प्रभु बैंकको संस्थापक शेयरमा गरेको लगानी हालको शेयर बजार मूल्य कमि देखिएको छ भनी टिप्पणी गर्नुका साथै साधारण सभामा संचालक समितिले छलफल गरी पारित गर्न प्रस्तावित सबै साधारण प्रस्तावहरु र विशेष प्रस्तावहरु प्रति हाम्रो समर्थन रहेको छ भनी जानकारी गराउनुका साथै आगामी वर्षको व्यापार प्रर्वद्धन र मुनाफा बृद्धिमा विशेष जोड दिन र ग्राहकहरुको सम्बन्धलाई विशेष ख्याल राख्न अनुरोध गर्नुका साथै साधारण सभाको सफलताको शुभकामना दिँदै प्रस्तावित सामान्य र विशेष प्रस्तावहरु पारित गर्न अन्य शेयरधनीहरुलाई समेत आग्रह गरी शुभकामना व्यक्त गर्नु भयो । आदि ।

**११. सभामा शेयरधनी महानुभावहरुले प्रकट गर्नु भएको जिज्ञाशा एवं प्रश्नहरुको जवाफ :**

साधारण सभामा शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएका जिज्ञाशा, सुझाव, टिप्पणी तथा प्रश्नहरुको जवाफ सभाका अध्यक्ष श्री गौरव गोयल र प्रबन्ध निर्देशक श्री रघुनन्दन मारु समेतले स्पष्ट रुपमा कम्पनीको समग्र अवस्था हालको बजारको स्थिती, विकास निर्माणका कार्यमा आएको शिथिलता, सरकारी बजेटको हिस्सा विकास निर्माणमा खर्च नहुनु, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा भएको कोइला, डिजेल लगायतको इन्धनमा भएको अत्याधिक मूल्य बृद्धिको प्रभाव, नेपालमा निर्माण उद्योगमा आएको शिथिलता, आर्थिक मन्दिको अवस्था, देशमा सिमेन्ट तथा क्लिङकर उत्पादन गर्ने उद्योगहरुको अत्याधिक जडित उत्पादन क्षमता समेतका कारण विक्री मूल्यमा आएको गिरावट आदि कारणले गर्दा प्रशासनिक खर्च कटौती गर्दा समेत मुनाफामा बढोत्तरी ल्याउन नसकिएको र हामी संचालक तथा व्यवस्थापन सहितको सम्पूर्ण टिम उद्योगको प्रगतिका लागि प्रयत्नरत रहेको तथा यहाँहरुको राय, सुल्लाहा, सुझाव , टिप्पणी र शुभकामना समेतलाई स्वभाविक रुपमा ग्रहण गरी क्रमश: कार्यान्वयन गरी शेयरधनीहरुलाई हरेक बर्ष उचित र आकर्षक प्रतिफल प्रदान गर्न सधैं लागि रहने विश्वास दिलाँउदै संचालक समितिको निर्णय बमोजिम सभा समक्ष प्रस्तुत गरिएको वोनस शेयर ८ · ५५ प्रतिशत र कर प्रयोजनका लागि ० · ४५ प्रतिशत नगद लाभाँस सहितको ९ नौ प्रतिशतका दरले आ. व. २०८०।०८१ सम्मको मुनाफाबाट लाभाँस

वितरण गर्न गरिएको प्रस्ताव सहितको सामान्य प्रस्तावहरु र विशेष प्रस्तावहरु समेत पारित गरि सभा सम्पन्न गर्न सहयोग पुयाउन आग्रह गर्दै जिज्ञाशा र प्रश्नहरुको जवाफ प्रस्तुत गर्नु भयो ।

१२. सभाको निर्णयहरु:

(क) सामान्य प्रस्तावतर्फको निर्णयहरु:

निर्णय नं.१ : कम्पनी संचालक समितिको तर्फबाट सभामा अध्यक्षज्यूबाट प्रस्तुत आ. व. २०८०।०८१ को कम्पनी सञ्चालक समितिको वार्षिक प्रतिवेदन अध्यक्षज्यूबाट स्वीकृतिका लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सर्वसम्मतिबाट पारित गर्ने निर्णय गर्‍यो ।

निर्णय नं. २ : कम्पनीको लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मशान्तको वासलात तथा सोही मितिमा समाप्त आ. व. २०८०।०८१ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण सहितका अनुसूचीहरु समेत पारित गरियोस भनी अध्यक्षबाट सभा समक्ष प्रस्ताव पेश गरिएकोमा सभाले वासलात लगायतका सम्पूर्ण वित्तीय विवरणहरु एवं संलग्न अनुसूचीहरु समेतलाई सर्व सम्मततिबाट पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : कम्पनीको आ. व. २०८१।०८२ को आय व्ययको लेखापरीक्षण कार्य गर्नका लागि लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गरियोस भनी अध्यक्षले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम श्री सुवास एण्ड कम्पनी चार्टड एकाउण्टेण्ट्स, काठमाडौंलाई लेखापरीक्षकमा नियुक्ति गर्ने र निजलाई लेखापरीक्षण कार्य गरे वापत गत बर्ष भन्दा बढि नहुने गरी अर्थात रु. १०,००,०००। (दश लाख) मात्र पारिश्रमिक निर्धारण गर्ने सर्वसम्मतिबाट निर्णय पारित गरियो ।

निर्णय नं. ४ : कम्पनीमा कायम शेयरधनीहरुलाई आ. व. २०८०।०८१ सम्मको मुनाफा रकम Retained Earnings समेत बाट चुक्ता पूँजी रु. ५,०२,७०,००,०००।- (पाँच अरब दुई करोड सत्तरी लाख रुपैयाँ) को ० . ४५ % (शून्य दशमलव चार पाँच) प्रतिशतका दरले हुन आउने रकम रु. २,२६,२१,५००।– (दुई करोड छब्बिस लाख एक्काईस हजार पाँच सय रुपैयाँ मात्र) (वोनस शेयर वितरण गर्दा लाग्ने कर प्रयोजन समेतका लागि) नगद लाभाँस वितरण गर्ने प्रस्ताव पारित गरिदिन सभा समक्ष प्रस्तुत गरिएकोमा उक्त प्रस्ताव सर्व सम्मतीले पारित गर्ने निर्णय गर्‍यो ।

निर्णय नं. ५ : कम्पनी ऐन २०६३ को दफा ९३ बमोजिम यस कम्पनीका आधारभूत शेयरधनी वा सञ्चालक सम्बद्ध रहेका संस्थासंग तथा यसै संस्थासंग सम्बद्ध कम्पनी, सहायक कम्पनी तथा संस्थाहरुसंग गरेको सम्लग्न विवरण बमोजिमको कारोवारलाई अनुमोदन वा पारित गर्न भनी अध्यक्षले प्रस्ताव प्रस्तुत गर्नु भएकोमा उक्त प्रस्तावलाई सर्व सम्मतीले अनुमोदन तथा पारित गरी आगामी दिनहरुमा समेत आवश्यकतानुसार कारोवर गर्न सर्वसम्मतीले स्वीकृति दिने निर्णय पारित गरियो ।

CEMENTS LIMITED

## सम्बद्ध संस्थासंग भएको आ. व. २०८०।०८१ को कारोवार विवरण:

| कम्पनी / संस्थाहरुको विवरण | कारोवार रकम (मू. अ. कर बाहेक) रु. | वस्तु वा सुविधा |
|---|---|---|
| मोर्डन इन्फ्रास्ट्रक्चर प्रा. लि. | ४०,०७,६७,५२०।८३ | खरिद |
| अरविन्द इम्पोरियम प्रा. लि. | ६४,७७,६३,४२८।८१ | खरिद |
| कन्स्ट्रक्सन सोलुशन प्रा. लि. | १८,७२,८०२।२२ | खरिद |
| प्रिमियर वायर्स प्रा. लि. | १९,०५,६२५।५० | खरिद |
| पशुपति सिन्थ्याक प्रा. लि. | ५,६६,३८,२९५।०७ | खरिद |
| टेक्नो जया ज्वयलर्स प्रा. लि. | १,१८,८८,१०६।८० | खरिद |
| ईन्फ्राटेक प्रा. लि. | ५८,२३,८७६।१२ | खरिद |
| लक्ष्मी लाईम प्रडक्ट्स | ५,४०८।४० | विक्री |
| लक्ष्मी टेक्नोप्लाष्ट लि. | ९७,६६८।१० | खरिद |
| शिवम् होल्डिङ्ग्स लिमिटेड | २२,८०,०००।०० | बिक्री |
| होङशी शिवम् सिमेन्ट प्रा. लि. | १,४१,४७,७५,७५४।९९ | खरिद |
| दन्तकाली क्वारिज प्रा. लि. | ५,४३,११६।०० | खरिद |

निर्णय नं. ६ :

प्रस्ताव नं. ६ मा यस कम्पनीको मिति: २०७९।०९।२९ गते सम्पन्न भएको सातौ बार्षिक साधारण सभाको निर्णयले ४ बर्षे कार्यकालका लागि निर्वाचित, मनोनित संचालकहरु मध्ये संचालक श्री रोहित गुप्ताले संचालक पदबाट दिएको राजीनामा मिति: २०८१।०१।१२ मा बसेको संचालक समितिको बैठकले निजको राजीनामा स्वीकृत भई रिक्त रहन आएको संचालक पद संख्या १ र सोही मिति: २०७९।०९।२९ को साधारण सभाबाट मनोनित स्वतन्त्र संचालक श्री चन्द्र कुमार घिमिरेले दिएको राजीनामा मिति: २०८१।०३।०६ गतेको संचालक समितिको बैठकले स्वीकृत गरे पश्चात रिक्त रहेको स्वतन्त्र सचलक १ जना गरी रिक्त २ जना संचालकहरुको बाँकी कार्यकालका लागि क्रमश: मिति: २०८१।०६।१५ गते को संचालक समितिको बैठकको निर्णयले श्री शिरोमणी ढकाललाई स्वतन्त्र संचालक र मिति: २०८१।०८।२७ को बैठकको निर्णयले

शेयरधनी श्री सुशिल गुप्ता, काठमाडौंलाई बाँकी कार्यकालका संचालक पदमा गरिएको मनोनयन, नियुक्तीलाई अनुमोदन गर्ने प्रस्ताव प्रस्तुत गरिएकोमा सभाले सर्व सम्मतीले उक्त दुवै जना सञ्चालकहरुको मनोनयन नियुक्तीलाई अनुमोदन गर्ने सम्बन्धि निर्णय सर्व सम्मतीले पारित गरियो ।

७). विविध :

समान्य प्रस्ताव तर्फ विविध शिर्षक अन्तरगत छलफल गर्न कुनै विषय नरहेको ।

## (ख) विशेष प्रस्तावहरुतर्फको विशेष निर्णयहरु:

१). कम्पनी संचालक समितिले प्रस्ताव गरे अनुसार कम्पनीमा कायम शेयरधनीहरुलाई आ.व. २०८०/०८१ सम्मको मुनाफा रकम Retained Earning समेत बाट चुक्ता पूँजी रु. ५,०२,७०,००,०००/- (पाँच अरब दुई करोड सत्तरी लाख) को ८ · ५५ % (आठ दशमलव पाँच पाँच) प्रतिशतका दरले हुन आउने रकम रु. ४२,९८,०८,५००/– (बयालिस करोड अन्ठानब्बे लाख आठ हजार पाँच सय रुपैया) बराबरको रु. १०० दरका ४२,९८,०८५ थान बोनस शेयर वितरण गर्ने र उक्त बोनस शेयर वितरण गर्दा हुन आउने खण्डित शेयरलाई पछि समायोजन गर्ने गरी हाल यथावत राख्न विशेष प्रस्ताव पारित गर्न अध्यक्षले सभा समक्ष पेश गर्नु भएकोमा सर्वसम्मतिले पारित गर्ने निर्णय गर्‍यो ।

२). प्रबन्ध पत्र संशोधन सम्बन्धि विशेष प्रस्ताव तर्फको निर्णयहरु :

(क). विशेष प्रस्ताव तर्फको निर्णय नं. १ मा भएको निर्णय बमोजिम हाल कायम शेयरधनीहरुलाई चुक्ता पूंजी ५,०२,७०,००,०००/- (पाँच अरब दुई करोड सत्तरी लाख) को ८ · ५५ % प्रतिशतका दरले बोनस शेयर वितरण गरे पश्चात कम्पनीको जारी तथा चुक्ता पूँजीमा वृद्धि भई रु. ५, ४५,६८,०८,५००/ अक्षेरुपी (पाँच अर्व पैंतालिस करोड अड्सठ्ठी लाख आठ हजार पाँच सय) कायम हुने भएकोले सोही बमोजिम प्रबन्ध पत्र को दफा ६ को (ख) र (ग) संशोधन गर्ने सम्बन्धि विषेश प्रस्ताव सर्व सम्मततिबाट पारित गर्ने निर्णय गरियो । संशोधन पछि कायम हुने प्रबन्ध पत्रको दफा ६ को खण्ड (ख) र (ग) संशोधन सम्बन्धि ३ महले विवरण र संशोधित दफा देहाय अनुसार (सम्लग्नलाई) सर्व सम्मतीले पारित गरियो ।

SHIVAM CEMENTS LIMITED NEPAL

# शिवम् सिमेन्ट्स लिमिटेड

को

प्रबन्धपत्रको दफा ६ (ख) र (ग) मा गरिएको संशोधन सम्बन्धि ३ महले विवरण :

| हाल कायम रहेको व्यवस्था | संशोधन भई कायम हुने व्यवस्था | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|
| प्रबन्ध पत्रको दफा ६: कम्पनीको पूँजीको संरचना : कम्पनीको पूंजी संरचना देहाय अनुसार हुनेछ ।<br><br>(ख). कम्पनीको जारी पूँजी रु. ५,०२,७०,००,०००।– (पाँच अरब दुई करोड सत्तरी लाख) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००।– दरका ५०२,७०,००० (पाँच करोड दुई लाख सत्तरी हजार) थान साधारण शेयरमा विभाजन गरिएको छ । | प्रबन्ध पत्र दफा ६. कम्पनीको पूँजीको संरचना : कम्पनीको पूंजी संरचना देहाय अनुसार हुनेछ ।<br><br>(ख). कम्पनीको जारी पूँजी रु. ५,४५,६८,०८,५००।– (पाँच अरब पैंतालिस करोड अड्सठ्ठी लाख आठ हजार पाँच सय रुपैयाँ) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००।– का दरका ५,४५,६८,०८५ (पाँच करोड पैंतालिस लाख अडसठ्ठी हजार पचासी )थान साधारण शेयरमा विभाजन गरिएको छ । | वार्षिक साधारण सभाको निर्णयले वोनस शेयर वितरण गर्ने सम्बन्धि विशेष प्रस्ताव पारित गरेपछि साविकको जारी पूंजी वृद्धि हुने भएकोले । |
| (ग). यस कम्पनीको चुक्ता पूँजी रु. ५,०२,७०,००,०००।– (पाँच अरब दुई करोड सत्तरी लाख) हुनेछ । | (ग). यस कम्पनीको चुक्ता पूँजी रु. ५,४५,६८,०८,५००।– (पाँच अरब पैंतालिस करोड अड्सठ्ठी लाख आठ हजार पाँच सय रुपैयाँ) हुनेछ । | वार्षिक साधारण सभाको निर्णयले वोनस शेयर वितरण गर्ने सम्बन्धि विशेष प्रस्ताव पारित गरेपछि साविकको चुक्ता पूंजी वृद्धि हुने भएकोले । |

SHIVAM CEMENTS LIMITED * NEPAL *

## शिवम् सिमेन्ट्स लिमिटेड

## को

प्रबन्ध पत्रको

## दफा ६ को (ख) र (ग) संशोधन

दफा ६:– कम्पनीको जारी पूँजीको संरचना:– कम्पनीको पूँजी संरचना देहाय अनुसार हुनेछ ।

(ख) कम्पनीको जारी पूँजी रु. ५,४५,६८,०८,५००।– (पाँच अरब पैंतालिस करोड अड्सठ्ठी लाख आठ हजार पाँच सय रुपैयाँ) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००।– का दरका ५,४५,६८,०८५ (पाँच करोड पैंतालिस लाख अडसठ्ठी हजार पचासी )थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग). यस कम्पनीको चुक्ता पूँजी रु. ५,४५,६८,०८,५००।– (पाँच अरब पैंतालिस करोड अड्सठ्ठी लाख आठ हजार पाँच सय रुपैयाँ) हुनेछ ।

(ख). माथि उल्लेखित कम्पनीको विशेष प्रस्ताव तर्फका निर्णय नं. १ र निर्णय नं. २ (क) अनुसारका निर्णयहरु बमोजिमको प्रबन्ध पत्र संशोधन अभिलेख प्रमाणित गरिदिन श्री कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाडौंलाई अनुरोध गर्ने र संशोधन अभिलेख भए पश्चात उक्त वोनस शेयरहरु श्री नेपाल धितोपत्र वोर्ड ललितपुर समक्ष नियमानुसार दर्ता गरी श्री नेपाल स्टक एक्सचेन्च लि. समेत मा सूचिकरण गराउने व्यवस्था मिलाउने निर्णय सर्व सम्मतीबाट पारित गरियो ।

साथै कम्पनीको नियमित काम कारोवार संचालन गर्नाका लागि आवश्यक पर्ने सबै कार्यहरु गर्न गराउन कम्पनी संचालक समितिलाई पूर्ण अख्तियारी दिने निर्णय सर्व सम्मतीले पारित गरियो ।

**१४. धन्यवाद तथा आभार ज्ञापन** : कम्पनीको वार्षिक साधारण सभामा प्रस्तावित गरिएका समान्य र विशेष प्रस्तावहरु समेत पारित गर्न सहयोग पुर्‍याउने शेयरधनी महानुभावहरु लगायत सभालाई सौहार्दपूर्ण तरिकाले संचालन गर्न सहयोग पुर्‍याउने सबै व्यक्ति तथा संस्थाहरु प्रति कम्पनीका प्रबन्ध निर्देशक श्री रघुनन्दन मारुज्यूले आभार व्यक्त गर्दै धन्यवाद ज्ञापन गर्नु भयो ।

**१५.** अन्त्यमा सभाका सभापति श्री गौरव गोयलज्यूले संचालक समितिको १३३ औं बैठकको निर्णय बमोजिम आज बोलाइएको आ.व. २०८०।०८१ को नवौं बार्षिक साधारण सभामा छलफलका लागि प्रस्तावित गरिएका सबै सामान्य प्रस्तावहरु र विशेष प्रस्तावहरु समेत सर्व सम्मतीले पारित गर्न सहयोग पुर्‍याउनु हुने

SHIVAM CEMENTS LIMITED

संचालक, शेयरधनी महानुभावहरु, कर्मचारीहरु लगायत सबैलाई धन्यवाद दिँदै शुभ कामना व्यक्त गर्दै ११ : ३५ बजे वार्षिक साधारण सभा सम्पन्न भएको घोषणा गर्नु हुदै सभा विसर्जन गर्नु भयो ।

**प्रमाणित गर्ने:**

कम्पनी सचिव

(अधिवक्ता लेखनाथ अर्याल)

सभाका सभापति / सञ्चालक अध्यक्ष

(गौरव गोयल)

SHIVAM CEMENTS LIMITED NEPAL

मिति: २०८१।०६।२९ गते ।